जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक २४ २०७६ साल पुस २७ गते आइतवार (12 Jan. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – **पृष्ठ २ मा** : सप्तरी सेवा आश्रम ... **पृष्ठ ५ मा** : शिब्स इन्टरनेशनल र ... **पृष्ठ ५ मा** : भारतमा सडक दुर्घटना ... **पृष्ठ ६ मा** : नेपाल सहकारीको ...

# राजविराजमै क्यान्सरदेखि विभिन्न रोगको परिक्षण गर्न सेन्टर संचालन



**राजविराज**/क्यान्सरदेखी विभिन्न रोगको परिक्षण गर्न राजविराजमै डाईग्नोस्टिक सेन्टर संचालनमा आएको छ ।

करिब ६० लाखको लागतमा अत्याधुनिक प्रविधिसहितको डाईग्नोस्टिक सेन्टर संचालनमा आएपछि क्यान्सर लगायत अन्य जटिल रोगको पहिचान अब राजविराजमै सम्भव हुने भएको छ ।

राजविराजमा पहिलो पटक अत्याधुनिक प्रविधिसहित पूर्ण स्वचालित मेसिन र उपकरणबाट एकै थलोमा क्यान्सर र अन्य सबै प्रकारका रोग पत्ता लगाउने परिक्षण सुरु भएपछि यहाका नागरिकले क्यान्सर, अन्य जटिल तथा सामान्य रोग पत्ता लगाउन समेत अब अन्यत्र जानु नपर्ने भएको छ ।

डाईग्नोस्टिक परिक्षणका कमजोरीका कारण विरामी र तीनका आफन्तले पाउने दुख, गुमाउने समय र रकमका राथै राम्रा डाक्टरहरु समेत बदनाम हुने समस्यालाई निराकरण गर्न यति ठूलो लगानिमा सिटि सन्‌राईज डाईग्नोस्टिक सेन्टर प्रालि संचालनमा ल्याईएको सेन्टरका ईनचार्ज विरेन्द्र कुमार दासले जानकारी दिएका छन् ।

चार दिन अघि मात्र स्थानिय गजेन्द्र नारायण सिंह अस्पतालमा स्तन क्यान्सर पीडित सप्तरीको विष्णुपुर गाउँपालिका ३ कि दुखनी देवी खंगको सफल शल्यक्रिया गरिएको थियो । ती महिलालाई क्यान्सर लागेको कुरा यसै सेन्टरबाट परिक्षण गर्दा पत्ता लागेको थियो ।

फुलि एटोमेटिक ईलोक्ट्रोलाईट एनलाईजर, एटोमेटिक सिविसि एनलाईजर, प्रोटोन एनलाईजर वायोकेमेस्टिक एनलाईजर, एफएनसि प्रविधि तथा डिजिटल एक्सरे लगायतका उपकरण र मेसिनका माध्यमले जटिल देखि सामान्य प्रकृतिका रोग पत्ता लगाउने गरिएको उनको भनाई छ ।

राजविराजबाट प्रदान गरिने यो सेवा संचालनका लागि प्रयोगमा ल्याईएको यस्ता उपकरण, मेसिन र प्रविधि सप्तरी र सिराहामै पहिलो भएको उनको दावि छ । सेन्टरमा चर्चित कल्सन्डेन्ट प्याथोलोजिस्ट डा प्रवेश चौधरीले स्वास्थ्य सेवा प्रदान गरिरहेको उनले बताए ।

सेन्टरमा क्यान्सरका सम्पूर्ण जाँचका साथै ग्ल्यान्डटिवि, थाईराईड, ईएसआर, युरिनआरई, सेमेनएनालाईसिस, एलर्जि स्किन, एचविएआईसि फरडाईवेटर, मोनिटरिङ लगायत सबै प्रकारका रोगको परिक्षण हुने सेन्टरले जनाएको छ ।

# विभिन्न पुरस्कारबाट तीन पत्रकार सम्मानित



**राजविराज**/नेपाल पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्थापित 'लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार' बाट यस वर्ष सञ्चारकर्मी विद्यानन्द राम सम्मानित भएका छन् । यस्तै सोही कार्यक्रममा अन्य दुई जना पत्रकारसमेत सम्मानित भएका छन् ।

लोकेन्द्र स्मृति दिवशको अवसरमा महासंघले शनिवार आयोजना गरेको पुरस्कार वितरण समारोहमा अनुसन्धानात्मक समाचारका साथै विकृति एवं बेथिति विरुद्ध निर्भिकताकासाथ कलम चलाएर पुर्‍याएको योगदानवापत २५ औं स्मृति पत्रकारीता पुरस्कार रामलाई प्रदान गरिएको हो ।

लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कार कोषका संस्थापक सदस्य समेत रहेका राष्ट्रिय सभा सदस्य सुमनराज प्याकुरेल र महासंघ सप्तरीका अध्यक्ष जितेन्द्र खड्गाले रामलाई संयुक्त रुपमा नगद, दोसल्ला तथा प्रमाण पत्र प्रदान गरेका छन् । विगत ७ वर्षदेखि सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका राम जनता टेलिभिजनको सप्तरी सम्वाददाता तथा न्यूज टुडे दैनिक पत्रिकाका प्रमुख सम्वाददाता हुन् ।

सो पुरस्कारको राशी भने ५ हजार ५ रुपैयाँ रहेको पुरस्कार छनोट समितिका संयोजक अनीलकुमार अनलले जानकारी दिएका छन् ।

सोही समारोहमा वरिष्ठ पत्रकार शिवहरि प्रसाद भट्टराईद्वारा स्वर्गीय मातापिताको नाममा स्थापना गरिएको 'लक्ष्मीमुक्ती स्मृति पत्रकारीता' बाट अग्रज पत्रकार व्यास शंकर उपाध्याय तथा वातावरण दैनिकका सम्पादक वैद्यनाथ झाले स्थापना गरेको उमासिंह स्मृति पत्रकारीता पुरस्कारबाट दिनानाथ यादव सम्मानित भएका छन् ।

पत्रकार उपाध्याय काठमाडौंबाट प्रकाशित 'द हिमालयन टाइम्स' पत्रिकामा सप्तरी सम्वाददाताका रुपमा कार्यरत रहेका छन् भने यादव

***बाँकी पाँच पृष्ठमा***




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### सप्तरीमा खेलकुद गतिविधी हुनु आवश्यक

सप्तरीमा अहिले खेलकुद गतिविधी न्युन भइरहेको छ । यसको कारण खेल मैदानदेखी खेलकुदमा लगानी तथा प्रोत्साहन गर्ने निकायले चासो नदेखाउनु हो । भौतिक संरचना र खेलाडीको सामाग्रिको अभावमा यहाँ खेलकुद अत्यन्त न्युन हुने गरेको छ । तर, पनि यस्तो अवस्थामा अन्य मधेशका जिल्लाको तुलनामा खेलकुद गतिविधी बढी नै हुने गरेको छ । खेलकुद क्षेत्रमा हाल पछाडी पर्दै आएको यस जिल्लामा भने केही मात्रामा खेलकुद हुँदै आएको छ ।

हरेक वर्ष कुनै न कुनै रष्ट्रिय प्रतियोगिता समेत हुने गरेको छ । कहिले आर्थिक संकलन गरेर त कहिले चन्दा संकलन गरेर यहाँका खेकुदसँग जोडिएका युवा तथा अन्य व्यक्तिहरुले सो खेलकुद प्रतियोगिता गराउँदै आएका छन् । जिल्लामा रहेको विभिन्न खेल मैदानहरुको अवस्था पनि दयनिय नै रहेको छ भने भएको खेलमैदान व्यस्थित नरहेकोले यहाँका खेलप्रेमी तथा खेलाडीहरु निरास भइरहेका छन् । तसर्थ यसतर्फ सम्बन्धित निकायले गम्भिरता देखाउनु पर्ने आवश्यकता रहेको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सप्तरी सेवा आश्रम मधेशवाद र मधेशी नेताहरु



**अमरनाथ मण्डल**

विभेदीकरणको अन्त्य शासकीय शासनवादद्वारा वर्षौंदेखि मधेश र मधेशी जनता माथि गरिएको दमन, शोषन तथा विभेदको अन्त्यको लागि सप्तरीको भुमिमा एउटा महापुरुषको जन्म भएको छ । भगवान राम जस्तै महान आत्ममा र महान विचारको आस्थामा राम जस्तै रामनवमीको मधेश नायक गजेन्द्र नारायण सिंह जन्म भएको छ । वहाँ सानै उमेरमा नै विभेदीकरणको अन्त्यको लागि संघर्षरत गरी कैयो पटक जेलनेल तथा उत्पीडन, अत्याचार लगायत शारिरीक तथा मानसिक यातनाको सिकार शासक वर्गहरुद्वारा दिँदै आएको अवस्थामा वहाँले आफ्नो संघर्षको लडाई र त्याग बलिदानलाई कहिले पनि छाडेनन् । मधेशवादको अवधारणाको जन्मदाता संघीयताको परिभाषित गर्ने महान आत्मा महानपुरुष गजेन्द्र बाबुको निवास तथा राजनैतिक विचारको संग्रहालय सप्तरी जिल्लाको सदरमुकाम राजविराज स्थित सप्तरी सेवा आश्रममा रहँदै आएको थियो । सप्तरी सेवा आश्रमबाट कैयौ मधेशी नेताहरु मधेशवादको अवधारणाको साथ नेता बन्न प्रेरणा पाए । पंचायती निरंकुश शासनको विरुद्ध तथा जहाँनीय राणा शासनको विरुद्ध जय प्रकाश नारायण, राममनोहर लोहिया जस्ता प्रजातन्त्रवादी नेताहरुसँग दुवै देशको प्रजातान्त्रिक आन्दोलनमा सहयात्री बन्दै महान आन्दोलनको नायकको रुपमा स्थापित बन्दै गएको छ । पंचायती व्यवस्थामा पनि संसदीय आम निर्वाचनमा सहभागिता भई वहाँलाई हराउने सम्पूर्ण प्रशासन तन्त्र र राज्यका संयन्त्र लागि परे तर दमन र शोसनको परिकाष्ठा नाघ्दै गएको अवस्थामा झन उहाँले जनमतको ठूलो अपार सहमति एकतृत गर्न पायो । जसको परिणाम पंचायती शासनको अन्त्य सँगै सद्भावना परिषद् माध्यमबाट नेपाल सद्भावना पार्टीको गठन गरियो । नेपाल सद्भावना पार्टीको भित्र मधेशी माथि भईरहेको विभेदीकरणको अन्त्य नागरिकता समस्या संघीयता राज्यमा मधेशी, जनजाती आदीबासी, मुस्लिमहरुको पूर्ण पहुँच तथा सहभागिता आवाजहरु बुलन्त गर्ने आखिरमा त्यो सबै खाकाहरु सप्तरी सेवा आश्रममा बसेर एउटा टिनको छाप्रोबाट विचारहरु उत्पन्न भएका थिए ।

सप्तरी सेवा आश्रम मधेश नायक गजेन्द्र बाबु रहँदा खेरी धेरै चर्चित रुपमा सुन्नमा आउँथ्यो । नयाँ पुस्ताहरुको मधेश आन्दोलनमा लडाई लड्नको लागि सप्तरी सेवा आश्रमले धेरै प्रोत्साहित गरे । सप्तरी सेवा आश्रमबाट हजारौं युवा मधेशका वीर सपुतहरु मधेशमा भईरहेको विभेदीकरणको अन्त्यको लागि सप्तरी सेवा आश्रम प्रेरणाको श्रोत बन्दै सप्तरी सेवा आश्रमको भित्र प्रवेश गर्दा खेरी नागरिक पत्रकार तथा बुद्धिजिवीहरु मधेशको चिन्तन गर्न थाले तत्कालिन नेपाल सद्भावना पार्टीको अवधारणाहरु तथा नीति निर्देशनहरु सप्तरी सेवा आश्रमबाट नै केन्द्रित हुन्छ । सप्तरी सेवा आश्रमबाट नै अहिले एमालेको चिन्ह लिएर संसद बनेका र पछि मन्त्री बनेका हृदय त्रिपार्टी तथा नेकपाका खोल ओढेका पूर्व कटर मधेशवादी रामेश्वर राय यादव अहिले नेकपा बनेका अनिस अन्सारी जस्ता नेताहरुको राजनैतिक जीवनको सुरुवात सप्तरी सेवा आश्रमबाट नै प्रेरणाको श्रोत पाएका थिए । त्यस्तै गजेन्द्र बाबुको कटर अनुगाईको रुपमा चर्चित रहेका राजेन्द्र महतो र अनिल झा जो अहिले राजपाका अध्यक्ष मण्डलका सदस्य रही राजपाका निति निर्वानकर्ता बनी मधेश आन्दोलनका नायकको रुपमा स्थापित बनेका छन् । वहाँहरु मधेशवादको अवधारणा बोकेका तथा मधेश आन्दोलनका अग्रणी वीरयोद्धाहरु रहेता पनि भर्खरै गरिएको नेकपासँग दुई बुँदे सहमति प्रति मधेशी जनताहरुले मनभित्र नै असन्तुष्टि व्यक्ति गरिरहेका छन् । त्यस्तै राजनीतिक जीवनको सुरुवात तथा प्रेरणाको श्रोत गजेन्द्र बाबुको स्थलको रुपमा हजारौं नेताहरुको राजनीतिक जीवनको सुरुवात सप्तरी आश्रमको भुमिबाट नै गरिएको छ । सप्तरी सेवा आश्रम मधेशवादको शिक्षाको मुल आधार भन्ने गरिन्थ्यो । नेपालको कुनै कुनाबाट सप्तरी सेवा आश्रममा मधेशवादको शिक्षा, दिक्षा तथा राजनीतिक नीति निर्देशनको अवधारणाहरु निर्माण हुने गरेको तथ्यहरु सबै सामु विदितै छ । तर अहिले सप्तरी सेवा आश्रम पूर्ण रुपमा विस्थापित गरी सेवा आश्रमको भुमिमा मधेशका नायक मधेशी मसियाहा गजेन्द्र नारायण सिहंको समाधि स्थल रहेको छ भने सो समाधि स्थल प्रतिको आस्थाको फूल चढाउन मानिसहरु विस्तारै जान कम गरिरहेको देखिन्छ । सप्तरी सेवा आश्रम निजीकरण गरी मधेशका आस्था रहेका सेवा आश्रमलाई निजी हकमा प्रयोग गरी सेवा आश्रम भित्र रहेका क्रान्ति भवनलाई तोडी स्कूलहरु बनाएका छन् भने सेवा आश्रम बाहिर र भित्र वारिवारिक वादले व्यापार स्थल बनाएका छन् । राजपा र समाजवादीको सरकार प्रदेशमा रहँदा खेरी यस पाली सप्तरीमा सहिद स्मारक, शहिद स्थलहरुको निर्माण थालिएको छ भने यसै सन्दर्भमा सप्तरी सेवा आश्रमलाई प्रदेश सरकारले आफ्नो मातहतमा राखी मधेश संग्राहालयको निर्माण गरी मधेशवादका अवधारणाका धेरै सत्यतथ्यहरु रहेका सप्तरी सेवा आश्रम मधेश र मधेशीको लागि प्रेरणाको श्रोत मार्ग दिशा निर्देशन गर्ने स्थलको रुपमा रहेको अवस्थामा प्रदेश तथा संघीय सरकारले संग्रहालय तथा मधेशदर्शनको रुपमा स्थापित गर्न सक्थ्यो । तर प्रदेश सरकारको ध्यान सप्तरी सेवा आश्रम जो कि गजेन्द्र बाबुको राजनीतिक जीवनको महत्वपूर्ण अंग पनि सप्तरी सेवा आश्रमलाई मानिन्छ । त्यस्ता इतिहासिक धरोहरहरु लोभ भई रहेका छन् । भोलीका हाम्रो सन्तान र सन्तनीहरु मधेश दर्शनको अनुभुति र विश्लेषण गर्दा सप्तरी सेवा आश्रमको प्रमुखता आफैमा पूर्ण रुप सक्षम रहेको देखिन्छ । मधेशको पहिचानको लागि अन्य क्षेत्रमा जस्तै पर्यटकीय विकास मधेशवादको सिखको विद्यालय, सप्तरी सेवा आश्रमलाई बनाउन सक्छ । सप्तरी सेवा आश्रमले धेरै मधेशवाद बोकेका नेताहरुलाई राजनीतिक धरातलको अनुभुति गराएका छन् भने धेरै राजनेताहरुलाई मधेश दर्शनको पाठ सिकाएका छन् । सप्तरीको ऐतिहासिक स्थलको रुपमा विकास गरी प्रदेश सरकारबाट सप्तरी सेवा आश्रमलाई पुर्नजिवित गरी मधेश संग्रालयको रुपमा निर्माण गर्नुपर्ने आम मधेशीको भावना सँग गाँसिएको छ । त्यसै कारण गजेन्द्र बाबुले सिकाएका मधेश दर्शन, मधेशवाद, संघीयता, नागरिकता समस्या तथा अधिकार प्राप्ति लडाईहरुलाई हामी आन्दोलनको रुपमा स्थापित गरी संविधान संशोधन लगायत मुद्दाहरुको लागि लडिरहेको अवस्थामा मधेशको नायक गजेन्द्र नारायण सिहंको समाधि रहेको सप्तरी सेवा आश्रमलाई संरक्षित गरी संग्रालय बनाई पर्यटकीय तथा राजनैतिक दर्शनलाई स्थापित गर्ने प्रदेश तथा स्थानीय सरकारको अहम भुमिका रहेको छ । साथै मधेशवादका पाठ सिकेका नेताहरु मूल भुमि सप्तरी सेवा आश्रम रहेकोले आफ्नो भुमिलाई संरक्षित र सम्बर्द्धनको लागि मधेशका नेताहरुलाई एक पाइला अगाडी बढ्नु पर्ने अहिलेको आवश्यकता देखिन्छ ।

अहिले मधेशमा राजपा र समाजवादीका अधिकांश स्थानीय तहका पदहरुमा जितेका नगर प्रमुख, अध्यक्ष तथा प्रदेश संसद, संघीय संसदहरुको संयुक्त रुपमा मधेशको निर्मल स्थल पावन भुमि सप्तरीमा मधेशवादका पाठका पाठशाला सप्तरी सेवा आश्रमलाई पुर्नजिवित गरी अहिले आपसमा लडिरहेका समाजवादी तथा राजपा पार्टीहरु आपसमा मिलि भोलीका शासक वर्गहरु जोकी मधेश विरोधी रहँदै आएका थिए भने अहिले पनि मधेश विरुद्ध अनेकौं किसिमको षड्यन्त्र गरी मधेशी पार्टीहरुमा आपसी मनमुटाव तथा विभेदको निति अख्तियार गरेको अवस्थामा समाजवादी र राजपाले आपसमा मिली पार्टी एकताको सन्दर्भको पाईलाहरु अगाडी बढाउनुपर्ने अवस्था देखिन्छ र मधेशका सहिद, मधेशका मधेश निर्मल स्थलहरु तथा आन्दोलनको प्रेरणा श्रोतहरुलाई आस्था र निष्ठाका साथ आत्म साथ गरी मधेशवादको आवाजलाई अगाडी बढाउनुपर्ने देखिन्छ । यसै सन्दर्भमा राजनैतिक पाठशालाको रुपमा सप्तरी सेवा आश्रम क्रान्ति भवन जस्ता धरोहरहरुलाई सुरक्षित गरी, संरक्षण गरी अगाडी बढ्नुपर्ने आवश्यकता देखिन्छ ।

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।










नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

# विभिन्न मुद्दामा सजाय पाएर फरार ४२ जना अपराधी पक्राउ




**राजविराज**/सप्तरी प्रहरीले अपराध नियन्त्रण गर्ने अभियान चलाएसँगै एक महिनाको अवधीमा विभिन्न मितिमा विभिन्न मुद्दामा सजाय पाएर फरार ४२ जना अपराधीलाई पक्राउ गर्न सफल भएको छ ।

विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय पाएर फरार तथा अनुसन्धानका कममा फरार भएकाहरुलाई पकाउ गर्न अभियान नै चलाएका सप्तरी प्रहरीले सो सफलता पाएको हो ।

प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकि फरार रहेको २३ तथा अनुसन्धानका क्रममा फरार रहेका १७ गरी ४० जना अभियुक्तलाई पक्राउ गरेको छ ।

पछिल्लो समय फरार अपाराधी पक्राउ गर्न प्रहरीले अभियान थाल्दै १ महिनाको अवधिमा कुटपिटका ७, जर्बजस्ती करणीका ६, ज्यान मार्ने उद्योगका ५, चोरीका ४, अपहरण र लुटपाटका ३-३, सवारी ज्यान र लुटपाटका ४-४ ठगी तथा लेनदेनका २ र एक शिक्षा सम्बन्धी मुद्दा गरी ४२ फरार अपराधीलाई पक्राउ गर्न सफल भएको प्रहरी उपरिक्षक कृष्ण प्रसाईले जानकारी दिएका छन् ।

यसअघि सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं. ९ बस्ने ३८ वर्षिय बलराम मेहता र सोही स्थान बस्ने ५९ वर्षिय मुनर यादव रहेका छन् । मेहता शिक्षा सम्बन्धी मुद्दामा र यादव कुटपिट मुद्दामा फरार थिए ।

यता पक्राउ परेकाहरुलाई बुधबार जिल्ला अदालतमा उपस्थिति गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै गत सोमबार एकैदिन विभिन्न अपराधमा संलग्न भई फरार रहेको १७ जनालाई प्रहरीले पक्राउ गरेको छ । यसरी पक्राउ पर्नेमा कुटपिटका सर्वाधिक ६, लुटपाटका ३ ज्यान मुदा, जालसाजी मुदा र जारी मुदाका २-२ तथा लेनदेन र ठगी मुदाका १-१ जना छन् ।

अघिल्लो दिन पक्राउ परेका १७ जना मध्ये २ महिला पनि छन् । यसरी पक्राउ परेका सवै अपराधीलाई मंगलबारै अदालत समक्ष उपस्थित गराईएको प्रहरी उपरिक्षक प्रसाईले बताए ।

# लागु औषधसहित हतियार बरामद



**राजविराज**/सशस्त्र प्रहरीले वेवारिसे अवस्थामा फ्यालिएको एक झोलाबाट लागु औषधसहित हतियार बरामद गरेको छ ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ गोबिन्दपुरबाट सशस्त्र प्रहरीले लागु औषसहित एक थान पेस्तोल बरामद गरेको हो ।

सशस्त्र प्रहरी बल बेश क्याम्प गोबिन्दपुरको गस्ती टोलीले बाँसको झ्याङमा प्लाष्टीकको झोलामा डाईलेक्स डि.सि.१०० को १५ पिस र कट्टुवा पेस्तोल एक थान तथा गोली २ राउण्ड वेवारिसे अवस्थामा बरामद गरेको प्रहरीले जनाएको छ ।

बरामद गरिएको लागु औषध र पेस्तोल तथा गोली आवश्यक कार्बाहीको लागी जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाएको जनाएको छ ।

# चोरीको मोटरसाइकलसहित तीन पक्राउ



**राजविराज**/दुई महिना अगाडी चोरी भएको एक मोटरसाइकल प्रहरीले बरामद गर्नुका साथै सो चोरी कार्यमा संलग्न तीन जनालाई पक्राउ समेत गरेको छ ।

दुई महिना अगाडी राजविराज नगरपालिका ७ स्थितबाट ना ३० प ५१६६ नम्बरको मोटरसाईकल चोरी भएको भन्दै दिलिप यादवले जिल्ला प्रहरी कार्यालय राजविराजमा हुलियासहितको दिएको निवेदनको आधारमा प्रहरीले मोटरसाइकलसहित तीन जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा राजविराज वडा नं. ७ बस्ने प्रदिप साह र वडा नं. ७ कै जितेन्द्र राम शर्मा तथा डाक्नेश्वरी वडा नं. ९ बस्ने राजेश साह रहेको छन् ।

# सडक दुर्घटनामा दुईको मृत्यु

**राजविराज**/गत साता सप्तरीमा भएको छुट्टाछुट्टै सडक दुर्घटनामा परि दुई जनाको मृत्यु भएको छ ।

जिल्लाको बलानबिहुल गाउँपालिका २ झिझहा टोलस्थित सडक खण्डमा मोटरसाइकलको ठक्करबाट साइकल यात्री फुर्तिलाल मुखियाको ज्यान गएको प्रहरीले जनाएको छ ।

स.८प. ७०११ नम्बरको मोटरसाइकलले ठक्कर दिदा साइकलयात्री सुरुङ्गा नगरपालिका १० थलाहा बस्ने ३५ वर्षीया मुखियाको ज्यान गएको इलाका प्रहरी कार्यालय कडरबोनाले जनाएको छ ।

यस्तै जिल्लाकै कञ्चनपुर नागरपालिका १० बदगामास्थित सडकमा नम्बर नखुलेको सवारी साधनको ठक्करबाट एक अपरिचित ब्यक्तिको मृत्यु भएको छ ।

पुर्व-पश्चिम राजमार्ग अन्तरगत पर्ने बदगामामा नखुलेको सवारी साधनले ठक्कर दिदा अन्दाजी ४० वर्षीय एक जना अपरिचित पुरुषको मृत्यु भएको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# सप्तरीमा रोकिएन् महिला हिंसा, पतिबाटै कुटिन्छन् श्रीमती



**राजविराज**/सप्तरीमा महिलामाथी हिंसा हुने क्रम राकिएकौ छैन्। कुनै न कुनै बहानामा महिलामाथी हिंसा बढ्दै गइरहेको छ।

पछिल्लो पटक नागरिकता बनाई दिन माग गर्दा आफ्नै पत्नीमाथी पुर्व प्रहरी समेत रहेका उनका पतिले खुकुरी प्रहार गरि हत्याको प्रयास गरेका छन्।

राजविराज नगरपालिका १२ दमाबती टोल निवासी २८ बर्षिया लक्ष्मी यादवमाथि पती महि नारायणले खुकुरी प्रहार गरी हत्या प्रयास गरेका हुन्।

खुकुरी प्रहारबाट लक्ष्मीको टाउँको र घाटीमा गम्भीर चोट लागेको छ। उनको टाउँको र घाटीमा गरी ३६ वटा टाका लगाइएको तथा लक्ष्मीको जिउँभर निलडाम समेत देखिएको अस्पताल प्रशासनले जनाएको छ।

उनलाई स्थानिय गजेन्द्र नरायण सिंह अस्पतालको आकस्मिक कक्षमा प्रारम्भिक उपचार पछि थप उपचारका लागी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको छ।

मंगलबार दिउँसो लक्ष्मी तरकारी बारीतर्फ जाँदै गर्दा उनका पति महिनारायण एक्कासी अन्धाधुन्द खुकुरी प्रहार गरेको लक्ष्मीका हजुरबुवा शिव नारायणले बताए। खुकुरी प्रहारबाट खेतमै लक्ष्मी ढल्दा मरेको ठानेर पति महिनारायण खुकुरी नजिकैको नहरमा फ्याली फरार भएका थिए।

लक्ष्मीका पति महि नारायणले केही महिना अघि मात्र दोस्रो बिहे गरका थिए। बिहेको १० वर्ष भन्दा बढी भई सक्दा पनि लक्ष्मीलाई नागरिकता नबनाई अर्को विवाह गरेपछि संशकित बनेकी लक्ष्मीले पटक पटक नागरिकता बनाई दिन दवाव दिदै आएकी थिईन।

यता घटना पछि फरार रहेका महि नारायणको खोजी कार्य तिब्र बनाईएको प्रहरी नायब उपरिक्षक तिलक भारतीले जानकारी दिएका छन्।

यसअघि केही दिन अघि मात्र सप्तरीमा एक महिलालाई उकनै पतिले कुटपिट गरेका थिए भने अर्का महिलालाई पनि उनकै पतिले शंककै भरमा कुटपिट गरेका थिए।

# पहिलो पटक राजविराजमै क्यान्सरको सफल शल्यक्रिया



**राजविराज**/राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा श्रोत साधन र दक्ष चिकित्सक उपलब्ध भएपछि अहिले जटिल भन्दा जटिल प्रकृतीका रोगको उपचार सम्भव हुँदै गएको छ।

यस अस्पतालमा बुधबार स्तन क्यान्सर भएका एक बृद्धाको सफल शल्यक्रिया सम्पन्न भएको छ।

लामो समयदेखी स्तनमा गाँठो परेर पीडित भएकी सप्तरीको विष्णुपुर गाउँपालिका १ जमुनी मधेपुराकी ६० वर्षिया दुखनीदेवी खंगको सफल शल्यक्रिया सम्पन्न भएको हो।

डा. राजिव मिश्रा, डा. अजय चौधरीको नेतृत्वमा एनेसथेसिया डा. पारसमणि साहसम्मिलित टोलीले साढे तीन घण्टा लगाएर गरेको शल्यक्रिया सफल भएपछि ती बृद्धाले नयाँ जिवन पाएकी हुन्।

देब्रे स्तनमा गाठो भएपछि उनी उपचारका लागि पुस ८ गते अस्पताल पुगेकी थिइन्। जाँचको क्रममा स्तनमा पलाएको गाठोको रगत परिक्षणका लागि पठाइएको थियो। सो रिपोर्ट सात दिनपछि प्राप्त हुँदा उनलाई क्यान्सर लागेको पुष्टि भएको थियो।

यता उनलाई केही दिन अझ अस्पतालमै राखिने तथा पूर्ण स्वास्थ्य लाभ भएपछि डिस्चार्ज गरिने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चुमनलाल दासले बताएका छन्।

# टिपरबाट युवकको हत्या गरेका चार पक्राउ

**धनुषा**/टिपरले किचेर स्थानीय २४ वर्षिय दिलिप महतोको हत्या गरेको आरोपमा धनुषा प्रहरीले चार जनालाई पक्राउ गरेको छ।

धनुषाको मिथिला नगरपालिका वडा नं. ५ श्रीपुर भन्ने टोल नजिकै रहेको औहरी खोलामा बालुवा गिट्टी उत्खन्न उपर निगरानी राख्ने महतोलाई टिपरले कुल्चेर हत्या गरेको भन्दै अवस्था तनावग्रस्त बनेको थियो।

यता जिल्ला प्रहरी कार्यालय धनुषाले शनिबार राती पत्रकार सम्मेलन गर्दै हत्यामा संलग्न रहेका क्रसर उद्योगी सोही ठाउँका २७ वर्षीय विपिन महतो, महोत्तरीको बर्दिवास नगरपालिका ९ बस्ने ना.७ख ६४१३ नम्बरका टिपर चालक ३४ वर्षीय मुनिन्द्र महतो, बर्दिवासकै वडा नम्बर २ निवासी लोडर चालक २४ वर्षीय जितेन्द्र कुमार महतो र धनुषाको मिथिला नगरपालिका ५ बस्ने २७ वर्षीय रोशन यादवलाई सार्वजनिक गरेको छ।

दिलिपले अवैध रुपमा खोला तथा नदीमा क्रसर उद्योगीले गर्दै आएको दोहनको विरोध गर्दै आएकाले क्रसर उद्योगी विपिन महतोले तीन दिनअघि दिलिपलाई हत्या गर्ने धम्की दिएका थिए।

यता दिलिपको हत्यापछि परिवारका सदस्यहरुले प्रहरीमा किटानी जाहेरी दिएका प्रहरीले जनाएको छ।

# छिन्नमस्तामा धर्ना जारि सामाजिक सुरक्षा भत्ता बितरण

**राजविराज**/सप्तरीको छिन्नमस्ता गाउँपालिकामा धर्ना कार्यक्रमकै बीचमा बिहीबार सामाजिक सुरक्षा भत्ता बितरण गरिएको छ।

पुस १५ गतेदेखी विभिन्न १४ बुँदे माँग अघि सार्दै नेकपा छिन्नमस्ता गाउँपालिका संघर्ष समितिको अगुवाईमा बिहान १० बजेदेखी १ बजेसम्म धर्ना दिइएका छन्।

धर्ना कार्यक्रमकै बीच वडा नं. ५ का बृद्धबृद्धाहरुलाई चालु आ.ब.को प्रथम चौमासिक किस्ता वापतको रु. १२ हजारका दरले भत्ता बितरण गरिएको वडा अध्यक्ष शिवशंकर पण्डितले जानकारी दिएका छन्। उनका अनुसार सामाजिक सुरक्षा भत्ता पाउन बाँकी रहेकाहरुलाई वडा कार्यालय मार्फत बितरण गरिने बताए।

यस्तै सो गाउँपालिकाका सम्पूर्ण वडामा समेत बिहीबारैदेखी सामाजिक सुरक्षा भत्ता बितरण गरिएको संघर्ष समितिका संयोजक बिनोद कुमार यादवले बताए।

यद्दपी उनले आफूहरुले उठाएका १४ बुँदे माँग मध्ये एउटा माँग मात्र सम्बोधन भएको र बाँकी माँग बारे हालसम्म गाउँपालिकाबाट कुनै प्रतिबद्धता नआएकोले धर्ना कार्यक्रम भने जारि रहने बताए।


शुक्रबार पुसी पूर्णिमाको स्थानिय बिदा र शनिबार बिदा रहेकोले आइतबारदेखी पुनः अन्य माँगहरु सम्बोधन गराउनका लागि बिहान १० बजेदेखी १ बजेसम्म दबाब स्वरुप धर्ना कार्यक्रमलाई निरन्तरता दिइने संघर्ष समितिका संयोजक यादवले बताए।

## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाइ भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं। छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं। त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं। घुर बालेर निगरानी गर्ने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।

अनुरोधकर्ता

**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**



# शिब्स इन्टरनेशनल र लिटिल एन्जल बिजयी




**राजबिराज**/राजविराजमा संचालित अन्तर बिद्यालय क्रिकेट प्रतियोगिता अर्न्तगत दोश्रो दिनको खेलमा शिब्स इन्टरनेश्नल र लिटिल एन्जल बिजयी भएका छन् ।

सप्तरी क्रिकेट संघको सहकार्यमा ग्रिन नेपाल राजबिराजद्वारा आयोजित उक्त प्रतियोगिताको शनिबार सम्पन्न पहिलो खेलमा पबिमाबिले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ७ बिकेट गुमाई १ सय ११ रनको योगफल तयार पारेका थिए ।

पबिका लागि गुड्डु रायले नटआउट रहि ३७ तथा क्रिस राय १६, शौरभ झा १२, संजय यादव ११ र बिष्णु मण्डल नटआउट रहि ११ रनको योगदान दिएका थिए । बलिंग तर्फ शिब्सका तर्फबाट बिशाल यादवले ३ तथा राज बर्मा र अजय यादवले १/१ बिकेट लिएका थिए ।

एक सय १२ रनको लक्ष्य लिई मैदानमा ओर्लेको शिब्सले उक्त लक्ष्य १३ ओभरमा १ बिकेटको नोक्सानीमै सजिलै भेटाएका थिए । शिब्सका लागि भोला साहले नटआउट रहदै ४३ बलमा ९ चौक्काको मद्धतले ५० रनको योगदान दिएका थिए भने कमल किशोर मण्डलले ३४ बलमा नटआउट रहि २७ रनको योगदान दिएका थिए । पबिका तर्फबाट १ मात्र बिकेट बिष्णु मण्डलले प्राप्त गरेको थियो ।

खेलको म्यान अफ द म्याच उत्कृष्ट ब्याटिंग गरेका शिब्स ईन्टरनेश्नलका भोला साहलाई कामना बिकास बैंकका प्रबन्धक सुर्यनारायण मुखियाले नगद तथा ट्रफी प्रदान गरेका थिए ।

त्यस्तै शनिवारै सम्पन्न दोश्रो खेलमा लिटल एन्जलले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ५ बिकेट गुमाई १ सय ५१ रनको योगफल तयार पारेको थियो ।

लिटल एन्जलका लागि नितेश यादवले ४३ बलमा ७ चौक्काको मद्धतले नटआउट रहि ५६ रनको योगदान दिएका थिए भने भोगेन्द्र यादवले ३८ रनको योगदान दिएका थिए । बलिंग तर्फ केअमाबिका तर्फबाट गोलु सिंह, संतोष मण्डल, मो. सदाम र मो. सेहनबाजले सामान १ बिकेट लिएका थिए ।

एक सय ५२ रनको बिशाल लक्ष्य लिई मैदानमा ओर्लेको पबिमाबि लिटल एन्जलको धारिलो बलिंग सामु निरिह हुदै १३ ओभर ४ बलमै आफनो सम्पुर्ण बिकेट गुमाई ६३ रनमै समेटिएको थियो । पबिलाई सस्तोमा समेटन लिटल एन्जलका तर्फबाट गणेश झा, रुपक यादव, नितेश यादव र राहुल बिकले सामान २ बिकेट तथा आशुतोष यादवले १ बिकेट लिएका थिए ।

खेलको म्यान अफ द म्याच अलराउण्ड प्रर्दशन गरे वापत लिटल एन्जलका नितेश यादवलाई प्रभु बचत तथा ऋण सहकारी संस्थाका ब्यवस्थापक राजकुमार साहले नगद तथा ट्रफी प्रदान गरेका थिए ।

## मधेशी पत्रकार समाजद्वारा कारवाहीको माँग

**राजविराज**/समाचार संकलनका लागि जनकपुरधाम उप-महानगरपालिका पुगेका पत्रकारहरुलाई उप-महानगरपालिकाका प्रमुख लालकिशोर साहले आफ्नो कार्यकक्षमै गुण्डाहरु लगाई कुटपिट गरी घाइते बनाएको घटनाको मधेशी पत्रकार समाज नेपालले घोर भर्त्सना गर्दछौं ।

समाजका केन्द्रिय सचिव संजिव बिक्रम साहद्वारा जारि विज्ञप्तिमा मधेशी पत्रकार समाजका धनुषा अध्यक्ष सुभाष कर्ण, कान्तिपुर टेलिभिजनका धनुषा संवाददाता अमरकान्त ठाकुर, एपी वनका व्यूरो प्रमुख विकास कुमार साह, शत्रुध्न यादव, देशसंचार डटकमका संवाददाता राजा झा, एबीसी टेलिभिजनका संवाददाता सुमित मिश्र सहितका पत्रकारलाई तीन घण्टा कुराएर प्रतिक्रिया लिने क्रममा मिडिया आतंक मच्चाएको भन्दै कुटपिट गर्नु र समन्वयका लागि पुगेका केही पत्रकारहरुलाई समेत कार्यकक्षमै थुनेर र केहीलाई पालिकाको परिसरमा अमानवीय तरिकाले मेयर लालकिशोर साहले घटना गराउने कार्य अत्यन्त लज्जास्पद र आपत्तिजनक भएको समाजले ठहर गरेको उल्लेख छ ।

जारि विज्ञप्तिमा सो क्रममा पत्रकारलाई समाचारको लागि प्रयोग गरिने क्यामेरा र मोबाइल लगायतका सामाग्री खोसिनु भनेको देशको चौथो अंग भनिएका संचार क्षेत्रलाई नियन्त्रण गर्नु र प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्नु नियत देखिएकोले त्यसलाई अविलम्ब रोक्न सम्बन्धित निकायसँग आग्रह गरिएको छ । साथै घटनाको निष्पक्ष रुपमा छानविन गरी दोषी उपर कडा कारवाही गर्न सरकार संग जोडदार माग गरिएको छ ।

### *विभिन्न पुरस्कारबाट ...*

रेडियो नेपालको जिल्ला सम्वाददाता हुन् ।

महासंघ सप्तरीका अध्यक्ष खड्गाको अध्यक्ष तथा राष्ट्रिय सभा सदस्य प्याकुरेलको प्रमुख आतिथ्यमा आयोजित पुरस्कार वितरण समारोहमा नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य अवधेशकुमार झा, वरिष्ठ पत्रकार अनिलकुमार अनल, शिवहरि भट्टराई, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, नागरिक संजालका अध्यक्ष सुखराम यादव, प्रेस नेपाल प्रदेश २ का अध्यक्ष श्यामसुन्दर यादव लगायतले शुभकामना मन्तव्य व्यक्त गरका थिए । समारोहको सञ्चालन भने महासंघ सप्तरीका सचिवजितेन्द्रकुमार झा 'जितु' ले गरेको थियो ।






# अन्तर्राष्ट्रिय समाचार

## भारतमा सडक दुर्घटना पन्ध्रको मृत्यु

**नयाँ दिल्ली**/भारतमा भएको सवारी दुर्घटनामा परी कम्तीमा १५ जनाको मृत्यु भएको छ ।

विपरित दिशाबाट आइरहेका यात्रुवाहक बस र ट्रक शुक्रबार राति एक आपसमा ठोक्किएर भएको दुर्घटनामा परी अरु २५ जना घाइते भएका छन् ।

देशको उत्तरप्रदेश राज्यमा दुर्घटना भएको स्थानीय प्रहरी अधिकारीले सिन्ह्वालाई टेलिफोनमा जानकारी दिएका छन् । दुवै साधन एक आपसमा ठोक्किएपछि बसमा आगलागी भएको थियो ।

बसमा झण्डै ५० जना यात्रु रहेका थिए । उत्तर प्रदेशको कान्नौज जिल्लाबाट राजस्थान राज्यको राजधानी जयपुरतर्फ जाँदै गरेको बससँग ट्रक ठोक्किएको हो ।

प्रारम्भिक अनुसन्धानले ट्रक चालकको लापर्वाहीका कारण दुर्घटना भएको देखिएको प्रहरी अधिकारीले जनाएका छन् । ट्रक चालकले उल्टो दिशामा तिव्र गतिले ट्रक चलाएको उनीहरुको भनाई छ ।

प्रत्यक्षदर्शीले दिएको जानकारीअनुसार बस र ट्रक एक आपसमा ठोक्किएपछि कम्तीमा दुईभन्दा बढी इन्धन ट्याङ्की विस्फोटनसमेत भएका थिए । विस्फोटनसँगै आगलागी पनि भएको उनीहरुले बताएका छन् ।

दुर्घटनामा परी घाइते भएकाहरुलाई स्थानीय विभिन्न अस्पतालमा भर्ना गरिएको स्थानीय सञ्चार माध्यमले जनाएका छन् ।

"अझै १८ देखि २० जनाभित्र च्यापिएको अनुमान गरिएको छ, उनीहरुलाई जिवितै बाहिर निकाल्ने प्रयास भइरहेको पनि छ," एक प्रहरी अधिकारीले भने ।

दुर्घटनाको खबर थाहा पाएपछि प्रधानमन्त्री नरेन्द्र मोदीले दुःख व्यक्त गर्नुभएको छ । उहाँले मृतकप्रति श्रद्धाञ्जलि र मृतकका आफन्तमा समवेदना व्यक्त गर्नुका साथै घाइतेको सिघ्र स्वास्थ्य लाभकोसमेत कामना गर्नुभएको छ ।

त्यसैगरी उत्तरप्रदेशका मुख्य मन्त्री योगी आदित्यनाथले पनि दुर्घटनाप्रति दुःख व्यक्त गर्दै मृतकका परिवारलाई राहतको घोषणा गर्नुभएको छ । उहाँले मृतकका परिवारजनलाई प्रति परिवार दुई लाख रुपैया र घाइतेलाई प्रतिव्यक्ति ५० हजार रुपैया राहतको घोषणा गर्नुभएको हो । एजेन्सी

## युक्रेनी विमान भुलवश खसालिएको इरानी सेनाको स्वीकारोक्ति

**तेहरान**/इरानको सेनाले केही दिन अगाडि इराकमा युक्रेनी विमान खसालिएको बारेमा कमजोरी भएको स्वीकार गरेको छ ।

सरकारी पक्षले शनिवार प्रकाशित गरेको विज्ञप्तिमा इरानको सेनाले मानवीय गल्ती कारण विमान खसालेको उल्लेख गरिएको छ । घटनामा दोषी देखिएकालाई कारबाही गरिने पनि विज्ञप्तिमा जनाइएको छ ।

विमान दुर्घटनाको समयलाई हेर्दा इरानले प्रत्याक्रमणस्वरूप हुन सक्ने सम्भावित क्षेप्यास्त्र प्रहारका लागि तयारी गरिरहेका बेला उक्त विमानलाई अमेरिकी लडाकू विमान भनेर झुक्किएर खसालेको हुनसक्ने विश्लेषण पनि गरिएको छ

उक्त घटनालाई ठूलो विपत्ति र अक्षम्य गल्ती भएको पनि इरानका राष्ट्रपति हसन रुहानीले सामाजिक सञ्जाल ट्वीटरमार्फत बताउनुभएको छ ।

युक्रेनी अन्तरराष्ट्रिय वायु सेवाको विमान दुर्घटनामा परी चालक दलका सदस्यसहित १७६ नागरिकको मृत्यु भएको थियो ।

तेहरानबाट क्रिभ हुँदै टोरन्टोका लागि उडेको विमानमा अधिकांश यात्रु इरान र क्यानडाका थिए । मृतकमध्ये १५ जना बालबालिका थिए ।

दुर्घटनापछि तेहरानस्थित युक्रेनी दूतावासले पहिला विमानको इन्जिनमा समस्या देखिएको बताएको थियो तर छानबिन हुनुभन्दा अघि विमान दुर्घटनाको कारणबारे व्यक्त टिप्पणी आधिकारिक नभएको भन्दै आफैँले त्यो भनाइ फिर्ता लिएको थियो । इरानले इराकस्थित अमेरिकी सैनिक बसेका दुईवटा आधार शिविरमा क्षेप्यास्त्र आक्रमण गरेको केही घण्टापछि नै उक्त विमान दुर्घटना भएको थियो । एजेन्सी

## 'बोइङ ७३७ लाई क्षेप्यास्त्रले खसालेको हुनसक्ने'

**किभ**/पश्चिमी मुलुकहरूद्वारा दावी गरिए अनुसार बुधबार इरानमा दुर्घटनाग्रस्त यूक्रेनी विमानलाई इरानी क्षेप्यास्त्र लागि खसेको हुनसक्ने तर यो कुरा पुष्टि नभएको यूक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले शुक्रबार बताउनुभएको छ ।

संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य (बेलायत) र क्यानाडाले उनीहरूको दावीलाई पुष्टि गर्न प्रमाण उपलब्ध गराउन पनि उहाँले आग्रह गर्नुभयो ।

विमान दुर्घटना हुनुमा जहाजमा नै प्राविधिक समस्या देखिएको तेहरानले दावी गरेको छ तर अमेरिका, बेलायत र क्यानडाका अधिकारीले विमानलाई क्षेप्यास्त्रले लागेको श्रव्यदृश्य आफूसँग उपलब्ध रहेको बताएका छन् । यूक्रेनी राष्ट्रपतिले भन्नुभयो, "हामी हाम्रा यूक्रेनी प्रतिनिधिसँग निरन्तर सम्पर्कमा रहेका छौँ । विमानमा क्षेप्यास्त्रले लागेको भन्ने दावीलाई खारेज गर्न सकिन्न तर शुक्रबारसम्म दावी पुष्टि भएका छैनन् ।"

अमेरिका, बेलायत र क्यानाडा सरकारद्वारा जारी गरेका विज्ञप्तिलाई लिएर हामीले उनीहरूलाई घटनाबारे अनुसन्धानरत आयोगसमक्ष तथ्य प्रस्तुत गर्न आग्रह गर्दछौँ, जेलेन्स्कीले टेलिग्राम ब्लगमा लेखेको रूसी समाचार संस्था स्पुटनिकले उल्लेख गरेको छ ।

चालक दलका नौ सदस्यसहित १७६ जना लिएर इरानको राजधानी तेहरानबाट यूक्रेनका लागि उडेको केही मिनेटमा विमान इरानमा दुर्घटनाग्रस्त भएको थियो । विमान दुर्घटना हुनुभन्दा केही मिनेट पहिले इरानले इराकस्थित अमेरिकी शिविरलाई लक्षित गरी आक्रमण गरेको थियो । विमान दुर्घटनाबारे जारी अनुसन्धानका बिषयमा अमेरिकी विदेशमन्त्री माइक पोम्पेओसँग कुराकानी गर्ने जेलेन्स्कीले बताउनुभयो । एजेन्सी

# नेपाल सहकारीको १७ औं वार्षिक साधारण सभा सम्पन्न

## सात सदस्यी संचालक समिति गठन



**राजविराज**/नेपाल सहकारी संस्था लिमिटेडको शनिबार १७ औं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

आयोजित सभामा अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष शत्रुधन प्रसाद गुप्ताले गत आ.ब. २०७५/७६ मा संस्थाले ४० लाख ११ हजार १ सय ४७ रुँपैया संचित गरेको जानकारी दिएका छन्।

प्रस्तुत प्रतिवेदनमा १ हजार ३ सय ५९ पुरुष र ८ सय ५३ जना महिला शेयर सदस्य आवद्ध रहेर २ करोड ४९ लाख ८ हजार १ सय शेयर पुँजी रहेको उल्लेख छ। त्यस्तै निक्षेपतर्फ ३७ करोड ९३ लाख १८ हजार ३ सय ९९ मध्ये ३५ करोड ११ लाख ५६ हजार ६ सय २ रुँपैया फिर्ता गरिएको प्रतिवेदनमा उल्लेख छ।

अध्यक्षद्वारा पेसित प्रतिवेदनमा संस्थाको आफ्नो जग्गामा २०७५/७६ मा नयाँ भवन निर्माण कार्य सुरु भएको र सो कार्य फाउण्डेशन लेभलसम्म सम्पन्न भएको उल्लेख छ। निर्माणाधीन भवन कार्य केही प्राविधीक कारणले रोकिएकोले पुनः कार्य सूचारु हुने जनाइएको छ।

त्यस्तै संस्थाले विगतका वर्ष जस्तै सामाजिक कार्यहरुलाई निरन्तरता दिने र सहभागिता जनाउने उल्लेख छ। राज्यले संविधान मार्फत नै सार्वजनिक, निजि एवं सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र श्रोतको अधिकत्तम परिचालन तिब्र आर्थिक बृद्धि हासिल गर्दै दिगो विकास गर्ने लक्ष्य लिएको उल्लेख छ।

आयोजित सभामा शेयर सदस्य सुरेन्द्र प्रसाद गुप्ता, रन्धिर कर्ण, राजकुमार यादव, सुनिल सिन्धी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

त्यस्तै सोही साधारण सभाको बन्द सत्रबाट शनिबारै ७ सदस्यीय संचालन समिति समेत गठन गरेको छ। गठित संचालक समितिको सदस्यहरुमा शत्रुधन प्रसाद गुप्ता, सुनिल कुमार सिन्धी, दिपककुमार साह, भोलानाथ साह, उमेश प्रसाद यादव, रन्धिर कर्ण र मनिष दुगडलाई चयन गरिएको छ।

त्यस्तै मो. हेदर अलिको संयोजकत्वमा समिम अंसारी र कमली खवास रहने गरि तीन सदस्यीय लेखा समिति समेत गठन गरिएको छ।

# आईडियलको २ करोड ५० लाख मुनाफा




**राजबिराज**/आईडियल सहकारी संस्था लिमिटेड राजविराजले २ करोड ५० लाख ३७ हजार ५ सय ८३ रूपैया मुनाफा हासिल गरेको छ।

शनिवार राजबिराजमा आयोजित २० औं बार्षिक साधारण सभामा संस्थाका अध्यक्ष गणेश कुमार आशले अध्यक्षिय प्रतिवेदनमा प्रस्तुत गरिएको हो।

संस्थाले ४२ जनाको सानो समूहबाट सुरू गरेको आईडियलले अहिले १३ हजार २ सय ७६ शेयर सदस्य विस्तार गरि शेयर पुजी ९८ लाख ६७ हजार ९ सय थप भई ५ करोड ४ लाख ६४ हजार ८ सय पुगेको जनाइएको छ।

यसैगरी संस्थाले गत आर्थिक बर्षमा ३ अर्व ५९ करोड ४९ लाख ५४ हजार ४ सय ५१ रूपैया ३८ पैसा बचत संकलन तथा ३ अर्व ४६ करोड ६७ लाख ४१ हजार ६ सय ६० पैसा भुक्तानी गरेको छ। त्यस्तै ६९ करोड ६९ हजार ६ सय ७५ र श्रृण लगानी र ६२ करोड ४२ लाख २७ हजार ३६ रूपैया श्रृण लगानी गरेको संस्थाका व्यवस्थापक बिनोद रजकले जानकारी दिएको छन।

संस्थाले गत आवमा १ करोड ७५ लाख २६ हजार मुनाफा गरेको थियो भने यस आव मा २ करोड ५० लाख ३७ हजार ५ सय ८३ मुनाफा हासिल गरेको छ भने ३ करोडको मुनाफा गर्ने लक्ष्य रहेको बताईएको छ।

संस्थाका अध्यक्ष गणेश कुमार आशको अध्यक्षतामा आयोजित कार्यक्रममा गैससका केन्द्रीय उपाध्यक्ष ध्रुव कुमार देव, नेपाल पत्रकार महासँघका सहसचिव चन्दनकुमार यादव, लेखा सदस्य डम्बर साह, शैलेश चौधरी, शेयर सदस्य बिदियान्दद झा, शेयर सदस्य आयुष श्रेष्ठ, कमाल अहमम्द, लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

# प्रभु बचत तथा ऋण सहकारीको ३ लाख ३४ हजार मुनाफा




**राजविराज**/प्रभु बचत तथा श्रृण सहकारी संस्था लिमिटेड राजबिराज ४ को शनिवार ८ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ।

बि.स. २०६८ सालमा २५ जनाको सदस्यत्राट संचालन भएका संस्थामा हाल २ हजार ५ जना शेयर सदस्य पुगेको जनाईएको छ।

संस्थाले आव २०७५/७६ मा कुल २६ करोड १८ लाख २४ हजार ६ सय ६६ को कारोबार गरेको अध्यक्ष सरफराज अंसारीले जानकारी दिएका छन्। सो संस्थाले गत आ.ब.मा खुद मुनाफा ३ लाख ३४ हजार ७ सय ३८ गरेको छ।

संस्थाका सरफराज अंसारीले अध्यक्षिय प्रतिवेदन गरेका थिए भने संस्थाका व्यवस्थाका राजकुमार साहले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए।

सो अवसरमा नेपाली काँग्रेसका युवा नेता ईर्शाद अंसारी, नेपाल पत्रकार महासँघका सहसचिव चन्दनकुमार यादव, पत्रकार नवीन कुमार गुप्ता, शेयर सदस्य सुरेश कुमार साह, शेयर सदस्य मिथलेश देव, शेयर सदस्य लक्ष्मण यादव लगायतले शुभकामना मन्तव्य दिएका थिए भने स्वागत मन्तव्य संस्थाका व्यवस्थापक रामजकुमार साहले दिएका थिए।

नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT





एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस्।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

**सूचना सूचना सूचना**

यस आईडियल सहकारी संस्था लि. राजबिराजले आफ्ना शेयर सदस्य, खाताधारीहरुलाई दुर्घटना विमा निशुल्क गर्ने गइरहेकोले यथासिघ्र नजिक को सेवा केन्द्र वा मुख्य कार्यालय राजबिराजमा सम्पर्क गर्न अनुरोध गरिन्छ।

**आईडियल सहकारी संस्था लि.**
**मुख्य कार्यालय राजबिराज-०४**
फोन नं.०३१-५२१३९९

**सेवा केन्द्र हनुमाननगर** फोन नं.०३१-५८०२७५
**सेवा केन्द्र पातो बाजार** मो.नं.९८०१५६१९३०

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np